# जीतपुरसिमरा उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

जीतपुर, बारा
मधेश प्रदेश, नेपाल

पत्र संख्याः- २०८१/२०८२
चलानी नं.:- ९०४

मितिः- २०८१/०५/१६

ने.सं. ११४४ गुँलागा १४

विषयः- सम्पत्ति विवरण सम्बन्धमा ।

श्री सम्बन्धित पदाधिकारी/कर्मचारी (सबै)
जीतपुरसिमरा उपमहानगरपालिका, बारा ।

प्रस्तुत विषयमा जिल्ला प्रशासन कार्यालय कलैया, बाराको प.सं. २०८१/०८२, च.नं. २७१५, मिति २०८१/०५/१३ को पत्रसँग संलग्न सम्मानित अख्तियार दुरूपयोग अनुसन्धान आयोग टङ्गाल, काठमाडौंको प.सं. ६/२०८१/-८२ (सम्पत्ति विवरण), च.नं. ३५९२, मिति २०८१/०४/२५ को पत्र र नामावली सूची यसैसाथ संलग्न राखि पठाइएको छ । व्यहोरा उक्त पत्रबाटै अवगत गर्नु भई तोकिएको जरिवाना दाखिला गरी सोको भौचर/रसिद र आ.व. २०७९/०८० को सम्पत्ति विवरण सहित प्रशासन तथा जनशक्ति विकास शाखामा यथाशिघ्र बुझाउनु हुन निर्देशानुसार जानकारी गराइन्छ ।

८।१६

अधिकृत स्तर

☎ ०५३-४१२१७३ jeetpursimarasubmetropolitan@gmail.com

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

(स्थानीय प्रशासन तथा शान्ति सुरक्षा शाखा)

फोन नं. :०५३-५५०१३३
:०५३-५५०१६६
:०५३-५५०४३३
फ्याक्स :०५३-५५०००

बारा,
कलैया, नेपाल।

पत्र संख्या:-२०८१/०८२
चलानी नं. २६१५

मितिः- २०८१।०५।१३

विषयः- प्रतिवेदन पेश गर्ने सम्बन्धमा ।

श्री जीतपुर सिमरा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय, जीतपुर बारा ।

श्री सिम्रौनगढ नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, सिम्रौनगढ, बारा ।

उपरोक्त सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टङ्गाल, काठमाडौं (महाशाखा नं.६) पत्र संख्याः६/२०८१-८२(सम्पत्ति विवरण), चलानी नं. ३५९२, मिति २०८१।०४।२५ गतेको पत्र सहित विवरण पानाः२ यसै साथ संलग्न छ । व्यहोरा उक्त पत्रबाटै अवगत गर्नु भई तहाँ स्थानीय तहका पदाधिकारी र कर्मचारीहरुले आ.व. २०७७/७८, २०७८/७९ र २०७९/८० को सम्पत्ति विवरण तोकिएको समयमा बुझाए/नबुझाएको र नबुझाएकाहरूले प्रत्येक आ.व. को जनही रु.५,०००/- (पाँच हजार) का दरले जरिवाना संघीय राजस्व खाता शीर्षक नं. १४३१२ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय कोड नं. २०६००३५०१ खुलाई सरकारी कारोबार गर्ने बैंकहरूमा दाखिला गरे/नगरेको तथा ३० दिनभित्र सम्पत्ति विवरण भरी सम्बन्धित निकायमा पेश गरे/नगरेको एकमुष्ठ सहितको प्रतिवेदन यस कार्यालयमा पठाईदिनु हुन आदेशानुसार अनुरोध छ ।

(छविरमण भट्टराई)
स.प्रमुख जिल्ला अधिकारी
सहायक प्रमुख जिल्ला अधिकारी

श्री प्रशासन
५।१५

जीतपुरसिमरा उ.म.न.पा. कार्यालय
जीतपुर
द.नं.:- ११८४
मिति:- २०८१।०५।१५

# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टङ्गाल, काठमाडौं

(महाशाखा नं. ६)

अत्यन्त जरुरी/गोप्य

पत्र सङ्ख्या :- ६/२०८१-८२(सम्पत्ति विवरण)
चलानी नं. :- ३५९२

मितिः २०८१/०४/२५
ने.सं. ११४४ गुँलाथ्व ५ शुक्रबार

विषयः निर्णय कार्यान्वयन सम्बन्धमा।

श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यू,
जिल्ला प्रशासन कार्यालय, बारा, कलैया।

प्रस्तुत विषयमा आर्थिक वर्ष २०७९/८० को सम्पत्ति विवरण फाराम भरी तोकिएको समय भित्र पेश नगर्ने सार्वजनिक पद धारण गरेका पदाधिकारी/कर्मचारीहरूको विवरण समावेश भएको "सम्पत्ति विवरण अनुगमन प्रतिवेदन (आर्थिक वर्ष २०७९/८०)" राष्ट्रिय सतर्कता केन्द्रबाट प्राप्त भई आयोगको बैठकमा पेश हुँदा संघ, प्रदेश र स्थानीय तह अन्तर्गतका जिल्लास्थित कार्यालयहरुमा कार्यरत पदाधिकारी/कर्मचारीहरुले आ.व. २०७७/७८, २०७८/७९ र २०७९/८० को सम्पत्ति विवरण तोकिएको समयमा नबुझाएकाहरु मध्ये प्रत्येक आ.व. को रु.५,०००/-(पाँच हजार मात्र) का दरले जरिवाना दाखिला गरे/नगरेको तथा ३० दिनभित्र सम्पत्ति विवरण भरी सम्वन्धित निकायमा पेश गरे/नगरेको सम्वन्धमा सम्वन्धित कार्यालयले छानविन गरी सो को एकमुष्ठ विवरण सहितको प्रतिवेदन जिल्ला प्रशासन कार्यालय मार्फत यस आयोगमा उपलव्ध गराउन ७७ वटै जिल्लाका प्रमुख जिल्ला अधिकारीहरुलाई लेखी पठाउने भनी आयोगबाट मिति २०८१/०४/०२ मा निर्णय भएकाले तहाँ जिल्लास्थित संघ, प्रदेश र स्थानीय तह अन्तर्गतका कार्यालयहरूमा कार्यरत पदाधिकारी/कर्मचारीहरूले आ.व. २०७७/७८, २०७८/७९ र २०७९/८० को सम्पत्ति विवरण तोकिएको समयमा बुझाए/नबुझाएको र नबुझाएकाहरूले प्रत्येक आ.व. को जनही रु.५,०००/- (पाँच हजार) का दरले जरिवाना संघीय राजस्व खाता शीर्षक नं. १४३१२ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय कोड नं. २०६००३५०१ खुलाई सरकारी कारोबार गर्ने बैंकहरूमा दाखिला गरे/नगरेको तथा ३० दिनभित्र सम्पत्ति विवरण भरी सम्बन्धित निकायमा पेश गरे/नगरेको एकमुष्ठ विवरण सहितको प्रतिवेदन यस आयोगमा पठाउनु हुन निर्णयानुसार अनुरोध छ।

जिल्ला प्रशासन कार्यालय, बारा
दर्ता नं. : ६४६
दर्ता मिति: २०८१/५/२

(विष्णुराज बेल्बासे)
उपसचिव

नोटः अघिल्ला आ.व. मा सम्पत्ति विवरण नबुझाउने पदाधिकारी/कर्मचारीहरूको विवरण अघिल्ला वर्षहरुमा तहाँ पठाइसकिएको छ यदि उपलव्ध नभएमा आयोगको फोन नं ०१-५२६२१६६/१८३ मा सम्पर्क गर्नुहुन।

पत्राचार गर्दा आयोगको महाशाखा, पत्र संख्या, च.नं. र मिति अनिवार्य रुपमा उल्लेख गर्नुहुन।

फोन नं.: ०१-५२६२-१८०/१५१/०८८, टोल फ्रि नं.: १६६०-०१-२२२३३, हटलाइन नं.: १०७, पो. बक्स नं.: ९९९६
Web: www.ciaa.gov.np, E-mail: info@ciaa.gov.np

आ.व. २०७९/८० को सम्पत्ति विवरण नबुझाउने स्थानीय तहका पदाधिकारी/कर्मचारीहरू

| सि.नं. | सफ्टवेयर सि.नं. | प्रविष्टिकर्ता | सम्पति विवरण | नाम | पद |
|---|---|---|---|---|---|
| १ | २१९८३९ | जीतपुर सिमरा उपमहानगरपालिका | नबुझाउने | ई. राम नरेश यादव | ईन्जिनियर |
| २ | २४३२४३ | जीतपुर सिमरा उपमहानगरपालिका | नबुझाउने | तारा बहादुर कार्की क्षेत्री | वडा अध्यक्ष (वडा नं. ३) |
| ३ | २४३२४७ | जीतपुर सिमरा उपमहानगरपालिका | नबुझाउने | भोज बहादुर खत्री | वडा अध्यक्ष (वडा नं. ४) |
| ४ | २४३२५३ | जीतपुर सिमरा उपमहानगरपालिका | नबुझाउने | शेष नसिम हुसैन | वडा सदस्य (वडा नं. ४) |
| ५ | २४३२६१ | जीतपुर सिमरा उपमहानगरपालिका | नबुझाउने | कैमुदिन अंसारी | वडा अध्यक्ष (वडा नं. ६) |
| ६ | २४३२६८ | जीतपुर सिमरा उपमहानगरपालिका | नबुझाउने | चयन गुरूङ्ग | वडा अध्यक्ष (वडा नं. १४) |
| ७ | २४३२७६ | जीतपुर सिमरा उपमहानगरपालिका | नबुझाउने | गिता सार्की | दलित महिला सदस्य (वडा नं. १४) |
| ८ | २४३२८३ | जीतपुर सिमरा उपमहानगरपालिका | नबुझाउने | प्रह्लाद साह सोनार | कार्यपालिका सदस्य (वडा नं. १५) |
| ९ | २४३३०३ | जीतपुर सिमरा उपमहानगरपालिका | नबुझाउने | दिपेन्द्र कुमार क्षेत्री | वडा अध्यक्ष (वडा नं. १९) |
| १० | २४३३०९ | जीतपुर सिमरा उपमहानगरपालिका | नबुझाउने | मदन साह तेली | वडा सदस्य (वडा नं. १९) |
| ११ | २४३३४५ | जीतपुर सिमरा उपमहानगरपालिका | नबुझाउने | डा. प्रतीक कुमार | मेडिकल अधिकृत, आठौं |
| १२ | २४३३४८ | जीतपुर सिमरा उपमहानगरपालिका | नबुझाउने | डा. सुजल अधिकारी | मेडिकल अधिकृत, आठौं |
| १३ | २४३३५४ | जीतपुर सिमरा उपमहानगरपालिका | नबुझाउने | डा. प्रशान्त वर्णवाल | मेडिकल अधिकृत, आठौं |
| १४ | २४३४६१ | जीतपुर सिमरा उपमहानगरपालिका | नबुझाउने | मनिषा कुमारी चौधरी | स्टाफ नर्स, पाँचौं |
| १५ | २४३४६७ | जीतपुर सिमरा उपमहानगरपालिका | नबुझाउने | भागरित सहनी | हेल्थ असिस्टेन्ट, पाँचौं |
| १६ | २४३४७१ | जीतपुर सिमरा उपमहानगरपालिका | नबुझाउने | राजेश पन्त | सव-ईन्जिनियर, पाँचौं |
| १७ | २४३४७८ | जीतपुर सिमरा उपमहानगरपालिका | नबुझाउने | अनिल विश्वकर्मा | सह-कम्प्युटर अपरेटर, चौथो |
| १८ | २४३४८२ | जीतपुर सिमरा उपमहानगरपालिका | नबुझाउने | सुरज महतो | सह-लोडर चालक |
| १९ | २४३४८८ | जीतपुर सिमरा उपमहानगरपालिका | नबुझाउने | चुडामणी काफ्ले | भान्से |
| २० | २४३४९२ | जीतपुर सिमरा उपमहानगरपालिका | नबुझाउने | राज कुमारी चौधरी | कार्यालय सहयोगी |
| २१ | २४३४९६ | जीतपुर सिमरा उपमहानगरपालिका | नबुझाउने | दिनेश खाँ थारू | कार्यालय सहयोगी |
| २२ | २४३५०० | जीतपुर सिमरा उपमहानगरपालिका | नबुझाउने | सारिका मिश्र | कार्यालय सहयोगी |
| २३ | २५९६६२ | सिम्रोनगढ नगरपालिका | नबुझाउने | निर्मला देवी कोईरी | बालबिकास |

अख्तियार दुरुपयोग अनुसन्धान आयोग २०४७